# कनकाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय झापा

०२३-४०११११

## जामुनबारी झापा

## १ नं. प्रदेश नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, झापा जामुनबारी, १ नं. प्रदेश, नेपाल

पत्र संख्या:-२०७५/७६

च.नं.

प्रकाशित मिति: २०७६/०२/१३

### शिलबन्दि वोलपत्र आह्वानको सूचना

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार नगरपालिकाले आफ्नो क्षेत्र भित्र आन्तरीक आय संकलन गर्न सक्ने प्रावधान भए बमोजिम, आगामी आ.व. २०७६/०७७ वर्ष १(एक)को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक स्वदेशी तथा विदेशी ब्यत्ति, फर्म वा संस्थाले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र/दरभाउ पत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईएको छ ।

| ठे.नं. | विवरण | न्यूनतम ठेक्का रु. (वार्षिक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति, समय | बोल पत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| २०७५/७६।१ | सुरुङ्गा बजार क्षेत्रतर्फको सम्पुर्ण ठेक्का पशु बजार समेत | ४४,११,०००।- (भ्याट सहित) | ३०००।- | २०७६/३/१० गते कार्यालय समय सम्म | २०७६/०३/११ गते १२:०० बजे सम्म | २०७६/०३/११ गते २:०० बजे पछि |
| २०७५/७६।२ | धैलाडुब्बा बजार तर्फको सम्पुर्ण पशु बजार समेत | १३,०५,०००।- | ३०००।- | | | |
| २०७५/७६।३ | दुर्गापुर बजार तर्फको सम्पुर्ण ठेक्का | ३,५०,०००।- | १०००।- | | | |
| २०७५/०७६।४ | बिज्ञापनकर | ४,००,०००।- | १०००।- | २०७६/०३/१० गते कार्यालय समय सम्म | २०७६/०३/११ गते १२:०० बजे सम्म | २०७६/०३/११ गते २:०० बजे पछि |

१.बोलपत्र शिलबन्दि दरभाउ पत्र फारममा उल्लेखित कबोल ठेक्का अंकको स्वदेशी नागरिक भए ५% तथा गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. सुरुङ्गा स्थित धरौटी खाता नं.१४७०३००००००००३००००२ धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ बैंक ग्यारेण्टिलाई मान्यता दिईने छैन धरौटी रकम प्रत्येक ठेक्काका लागि छुट्टा छुट्टै रुपमा समावेश गर्नु पर्नेछ ।

२. कुनै पनि व्यक्ति,फर्म वा संस्थाले दरभाउपत्र फारम खरिद गर्नु अघि भ्याट तथा पान नं. पत्र फर्म वा कम्पनी दर्ता प्रमाणपत्र आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्र निवेदन साथ पेश गरे पश्चात मात्र दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

३.बोलपत्र शिलबन्दि दरभाउपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मात्र मान्यता दिईनेछ ।

४. यस सम्बन्धमा थप कुराहरु बुझ्न अवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन साथै के कति असुल गर्न पाउने कर तथा सेवा शुल्कका दरहरु बोलपत्र/दरभाउपत्र साथ संलग्न राखिएको हुदा नगरपालिका कार्यालयमा उपस्थित भई तोकिएको मिति, समय र स्थानमा तोकिए बमोजिमको बोलपत्र शिलबन्दी दरभाउ पत्र फारम दस्तुर तिरी खरिद तथा दाखिला गर्न सकीने छ । अन्य जानकारीका लागि ०२३-४०११५५ मा सम्पर्क राख्न सकिने छ ।

५. सूचनामा उल्लेख भएका विषय बाहेक अन्य बिषयमा प्रचलित कानुन बमोजिम हुने छ ।

६. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र पुरै वा आंशिकरुपमा स्वीकार गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

७.मिति २०७६/३/११ गते दिनको २:०० बजे वोलपत्र/दरभाउ पत्र कार्यालयमा खोलिनेछ ।बेलपत्र/दरभाउ पत्र खोल्ने दिन र समयमा प्रतिनिधि उपस्थित हुनु पर्ने छ । प्रतिनिधि उपस्थित नभएमा बोलपत्र /दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

.............................

(खरुदेव चुडाल)

प्रमुख प्रशासकीय अधिकृत

खरुदेव चुडाल
प्रमुख प्रशासकीय अधिकृत